


www.baikunthadham.org
baikunthadham.sidhaniyaghat@gmail.com
081-535007, 9768247999
www.facebook.com/baikunthdhamofficial
www.instagram.com/baikunthdhamofficial
www.tiktok.com/@baikunthadham.sidhaniyag

Social Media LinkTree

दान गर्न Scan गरौं

fonepay

Bank : NMB Bank Nepalgunj
A/C Name : Baikunthadham Sidhaniyaghat
A/C No. : 0140147004100011



# वैकुण्ठधाम आध्यात्मिक महोत्सव

## भागवत व्याख्या

२२-३० कार्तिक, २०८१

रामलीला मैदान, नेपालगन्ज



पं. दिनबन्धु पोख्रेल

वैकुण्ठधाम... सिधनियाघाट।

राप्ती तट, डुडुवा
बाँके, नेपालगन्ज

## आह्वान-पत्र

वासांसि जीर्णानि यथा विहाय,
नवानि गृह्णाति नरोऽपराणि।
तथा शरीराणि विहाय जीर्णा,
न्यन्यानि संयाति नवानि देही।।

*-भागवत गीता - २.२२*

*हामीले पुराना लुगा फेरेर नयाँ लगाए जस्तै आत्माले पनि पुरानो शरीर छोडेर नयाँ ग्रहण गर्छ।*
*शरीर नाशवान् छ तर आत्मा अमर र अविनाशी।*

मृत्यु शास्वत छ, त्यसैले मृत्युसंस्कार पनि जीवनसित अविभाज्य ।

जीवनचक्रमा ठूलो महत्व राख्ने भएतापनि मृत्युसंस्कार ओझेलमा परेको सुविधा हो । यसै आवश्यकतालाई मध्यनजर गर्दै सहज र सम्मानपूर्ण सत्गतका निम्ति नेपालगन्जका केही जागरुक नागरिकको अग्रसरता र सम्पूर्ण बाँकेकै उत्साहप्रद सहभागितामा बाँके जिल्ला, डुडुवा गाउँपालिका वडा नं. ५ स्थित राप्ती नदी तटमा **वैकुण्ठधाम, सिधनियाघाट** स्थापना गर्न लागिएको छ । यस गन्तव्यको एउटा पाटो विद्युतीय शवदाहगृह सहितको सुव्यवस्थित घाट-सिधनियाघाट हुनेछ भने, अर्को पाटो किरियापुत्री घर, मन्दिर, सभा हल, योगध्यान केन्द्र, मृत्युकर्म, सोऽहश्राद्धकर्म एवं पितृ मोक्षका अन्य कर्मकाण्ड गर्न मिल्ने आत्मिक उपवन-“वैकुण्ठधाम” हुनेछ ।

वैकुण्ठधाम सिधनियाघाटको कोषमा सदस्यता शुल्क एवं नवीकरण शुल्क, स्वेच्छिक दान, विभिन्न निकायबाट प्राप्त हुने सहायता रकम, तीनै तहका सरकारले दिने अनुदान रकम जम्मा हुने अपेक्षा गरिएको छ । यस परिकल्पनालाई साकार पार्ने पहिलो खुड्किलो जग्गा प्राप्ति र बृहत्तर गुरूयोजना तयार पार्नु रहेको छ । यसका लागि “बीऊ पूँजी” संकलन हेतु **२०८१ कार्तिक २२-३०** मा नेपालगन्जको रामलीला मैदानमा **वैकुण्ठधाम आध्यात्मिक महोत्सव**को आयोजना गरिने भएको छ । उक्त महोत्सवमा **वाचन प्रवीण पण्डित दिनबन्धु पोखरेल**बाट भागवत व्याख्या हुनेछ एवं उक्त अवसरमा धार्मिक प्रवचन, आध्यात्मिक चिन्तनका साथै अन्य सनातन अनुष्ठान समेत हुने भएकाले यहाँहरु सबैको सक्रिय सहभागिता र उदारमन सहयोगको निम्ति हार्दिक आह्वान गर्दछौं।

दानेन प्राप्यते स्वर्गो दानेन सुखमश्नुते ।
इहामुत्र च दानेन पूज्यो भवति मानवः ।।

*"दानले स्वर्ग प्राप्त हुन्छ, दानले सुख पाइन्छ। यस लोक र परलोकमा दानले मान्छे पूज्य हुन्छ।"*





## महोत्सव समयसारिणीः

१. **२०८१ कार्तिक २२ गते**
-बिहाने ११:०० बजे: -शोभा कलश यात्रा
-दिउँसो २:०० बजे- उद्घाटन समारोह
-साँझ- साइत अनुसार मुख्य कर्ताबाट पूर्वाङ्ग पूजा

२. **कार्तिक २३-२९ गतेसम्मः**
-बिहान ५:०० बजेदेखि ६:३० बजेसम्म योगध्यान (रामलीला मैदान)
-७:०० बजेदेखि १०:०० बजेसम्मः पूजाअर्चना र पाठपारायण

३. **बिहान ११.०० बजेदेखि ४:३० बजेसम्मः झाँकी सहित संगीतमय भागवत कथा प्रवचन**
-४:३० बजे: आरती र पुष्पाञ्जली
-७:१५ बजेदेखि ९: ०० बजेसम्मः भजन कीर्तन सहितको श्रीमद्भागवत महात्म्य वाचन
उक्त कार्यक्रमको बीचमा ब्रतबन्ध, लाखबत्ती प्रज्वलन, तुलादान, भूमिदान, गौदान, चौरासी पूजा आदि समयानुकूल गरिनेछ ।

४. **कार्तिक ३० गते**
-८:०० बजे: सहस्र तिलार्चन, हवन र पूर्णाहुती
-११:०० बजे: समापन समारोह
-तत्पश्चात् प्रसाद वितरण

Download Brochure

## दान कृतज्ञता सोपान

| क्र. सं. | रकम (रू.) | आभार | माध्यम | सुशोभन | अभिनन्दन | अभिलेख |
|---|---|---|---|---|---|---|
| १ | १ - ३००० | दानपेटिकामा जम्मा गरिनेछ | | | | |
| २ | ३००१-५१०० | सम्मानपत्र | सचिवालय | रुद्राक्ष दाना | स्वयंसेवकद्वारा मण्डपसम्म सहजीकरण | वेबसाइटमा नामतनामेसी प्रकाशन । www.baikunthadham.org |
| ३ | ५१०१-१११११० | सम्मानपत्र | सभानायक | रुद्राक्ष माला | स्वयंसेवकद्वारा मण्डपसम्म सहजीकरण | यज्ञान्त स्मारिकामा नाम प्रकाशन । |
| ४ | १११११-२५००० | सम्मानपत्र | सभानायक | रामनामी + रुद्राक्ष माला | स्वयंसेवकद्वारा मण्डपसम्म सहजीकरण | यज्ञान्त स्मारिकामा नाम प्रकाशन । |
| ५ | २५००१-५१००० | कृतज्ञतापत्र (फ्रेममा) | सभानायक | रामनामी + रुद्राक्ष माला + कलश | स्वयंसेवकद्वारा मण्डपसम्म सहजीकरण | सामूहिक शिलालेखमा नामनामेसी । |
| ६ | ५१००१-१००००० | कृतज्ञतापत्र (फ्रेममा) | महानायक | रामनामी + रुद्राक्ष माला + कलश | दाता सत्कार समितिद्वारा सम्मान सहित व्यास-मण्डप परिसरसम्म सहजीकरण | शिलालेखमा दम्पत्ती वा इच्छाइएको दुई जनाको नाम । |
| ७ | १००००१-२००००० | कृतज्ञतापत्र (काठको कलात्मक फ्रेममा) | प्रमुख वाचक | दोसल्ला + रुद्राक्ष माला + जोडी कलश | दाता सत्कार समितिद्वारा सम्मान सहित व्यास-मण्डप परिसरसम्म सहजीकरण | स्मारिकामा फोटो सहितको नामनामेसी + शिलालेखमा दुई पुस्ते । |
| ८ | २००००१-३००००० | कृतज्ञतापत्र (काठको कलात्मक फ्रेममा) | प्रमुख वाचक | दोसल्ला + रुद्राक्ष माला + जोडी कलश | दाता सत्कार समितिद्वारा अबिरजात्रा गरी व्यास-मण्डप परिसरसम्म सहजीकरण | सामूहिक स्मारकमा शिलालेख । |
| ९ | ३००००१-५००००० | कृतज्ञतापत्र (काठको कलात्मक फ्रेममा) | प्रमुख वाचक | दोसल्ला + रुद्राक्ष माला + जोडी कलश | दाता सत्कार समितिद्वारा अबिरजात्रा गरी व्यास-मण्डप परिसरसम्म सहजीकरण । सभानायक पदवीद्वारा सम्मान | विशेष स्मारकमा शिलालेख । |
| १० | ५००००१-७५१००० | कृतज्ञतापत्र (काठको कलात्मक फ्रेममा) | प्रमुख वाचक | चौसल्ला + रुद्राक्ष माला + जोडी कलश | दाता सत्कार समितिद्वारा बाजागाजा सहित यज्ञ-मण्डप परिक्रमा गराई व्यास मण्डप परिसरसम्म सहजीकरण । सभानायक पदवीद्वारा सम्मान | प्रवेशद्वारमा शिलालेख । |
| ११ | ७५१००१-१०००००० | कृतज्ञतापत्र (काठको कलात्मक फ्रेममा) | प्रमुख वाचक | चौसल्ला + रुद्राक्ष माला + जोडी कलश | दाता सत्कार समितिद्वारा बाजागाजा सहित यज्ञ-मण्डप परिक्रमा गराई व्यास मण्डप परिसरसम्म सहजीकरण । महानायक पदवीद्वारा सम्मान | प्रवेशद्वारमा शिलालेख + योगदान स्थापित गर्नेगरी गुरुयोजनामा संरचना समावेश । |
| १२ | १००००१-१५००००० | ताम्रपत्र | प्रमुख वाचक | चौसल्ला + रुद्राक्ष माला + जोडी कलश | निवासबाट बाजागाजा सहित रथारोहण | प्रवेशद्वारमा शिलालेख + गुरुयोजनामा निजी कीर्ति रहने संरचना । |
| १३ | १५००००१ - २५००००० | ताम्रपत्र | प्रमुख वाचक | चौसल्ला + रुद्राक्ष माला + जोडी कलश | निवासबाट बाजागाजा सहित रथारोहण | प्रवेशद्वारमा शिलालेख + गुरुयोजनामा पारिवारिक कीर्ति रहने संरचना। |
| १४ | >२५ लाख | ताम्रपत्र | प्रमुख वाचक | चौसल्ला + रुद्राक्ष माला + जोडी कलश | निवासबाट सिन्दुरजात्रा सहित रथारोहण | प्रवेशद्वारमा विशेष स्मरण + गुरुयोजनामा कूल कीर्ति रहने संरचना + दाताकै खर्चमा इच्छाइएको व्यक्तिको अर्धकदको शालिक । |

**द्रष्टव्य**: भूमिदान, तुलादान, जिन्सी (खाद्य, निर्माण सामाग्री आदि) दान प्राप्त भएमा सोको मूल्यांकन गरि सोही अनुरुप सम्मान गरिनेछ । महायज्ञमा अभिसिञ्चित अतिरिक्त जलकलश लिन चाहेमा एकको रु ३१०० र जोडीको रु.५१०० दान गरी महोत्सवको समापनमा प्राप्त गर्न सकिनेछ ।